नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
**शिक्षा विकास तथा समन्वय इकाई**

पत्र सं. २०८२।८३
च.नं. : ८६४

फोन नं.: ०११-४९०११७

मितिः २०८३।०२।०७

श्री सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकहरु सबै
काभ्रेपलाञ्चोक।

विषयः विवरण उपलब्ध गराई दिने सम्बन्धमा।

प्रस्तुत सम्बन्धमा राष्ट्रिय किताबखाना (शिक्षक) को च. न. ४५४४, मिति २०८३।०१।३० गतेको पत्रानुसार E-Pension प्रयोजनार्थ मिति २०२३।०४।०१ गतेदेखि मिति २०२५ असार मसान्तसम्म जन्ममिति भएका स्थायी शिक्षकहरुको विवरण राष्ट्रिय किताबखाना (शिक्षक) मा अद्यावधिक गर्नुपर्ने भएको हुँदा तपसिल बमोजिमका कागजातहरु स्वयम शिक्षकले प्रमाणित गरी मिति २०८३।०२।१५ गते सम्ममा यस इकाईमा अनिवार्य रुपमा पेश गर्नुहुन अनुरोध छ।

**तपसिलः**

१. माथिल्लो तहमा स्थायी नियुक्ति भएको हकमा स्थायी नियुक्तिपत्र र स्थायी नियुक्ति पश्चातको विद्यालयमा हाजिर भएको पत्र।

२. सरुवा भएको हकमा सरुवापत्र, रमानापत्र र विद्यालयमा हाजिर भएको पत्र।

३. बढुवा नियुक्तिपत्र बढुवा पश्चात विद्यालयमा हाजिर भएको पत्र।

४. बिदामा बसेका शिक्षकहरूको हकमा असाधारण विदा वेतलवी विदा र अध्ययन विदा स्वीकृत भएको पत्र र विदा अवधी समाप्त पछि विद्यालयमा हाजिर भएको पत्र।

५. विभागीय सजाय पाएको भए सो पत्र।

६. सिटरोल, शैक्षिक योग्यता र नेपाली नागरिकता प्रमाणपत्रमा जन्ममिति फरक भएको भए SLC को मुल प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्र।

पासाङ लामा बल
शाखा अधिकृत

**बोधार्थ :**

श्री स्थानीय तह सबै (शिक्षा युवा तथा खेलकुद शाखा) काभ्रेपलाञ्चोक : समन्वय र सहजीकरण गरिदिनुहुन।

शाखा अधिकृत

E-mail : deokavre@gmail.com, edcukavre@gmail.com